# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५२) काठमाडौं, जेठ२८ गते २०५९ साल (अतिरिक्ताङ्क२२ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट संवैधानिक परिषद्को सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०५ को उपधारा (१) बमोजिम देहायको निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरिबक्सेको छ ।

आयोगको गठन

१. सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री केदारनाथ आचार्य – अध्यक्ष
२. प्रा. डा. श्री विद्यावीर सिंह कंसाकार – सदस्य
३. श्री बीरबहादुर शाही – सदस्य

साथै आयोगको कार्यवधि २०५९ साल असार मसान्तसम्म तोकिबक्सेको छ ।

### सूचना २

माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री पाल्तेन गुरुङ स्वीट्जरल्याण्डको जेनेभामा हुने अन्तर्राष्ट्रिय श्रम संगठनको ९० औं अधिवेशनमा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै २०५९ साल जेठ २८ गते त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हालो आउनु भएको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य मन्त्री श्री शरतसिंह भण्डारीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228